आज मिति २०८२ साल साउन ११ गते आईतबारका दिन जिल्ला समन्वय समितिका प्रमुख एवं खानेपानी तथा सिंचाई सम्बन्धि समन्वय र सहजीकरण समितिको अध्यक्ष श्री निरञ्जन साह सोनारज्यूको अध्यक्षतामा तपसिल बमोजिमको सहभागितामा बैठक बसी निम्न निर्णयहरु गरियो।

उपस्थिति:

श्री निरञ्जन साह सोनार, प्रमुख जिल्ला समन्वय समित — संयोजक

श्री बाबुलाल रेग्मी, स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, पर्सा — सदस्य

श्री सुरेश साह, ईन्जिनियर, नारायणी सिंचाई व्यवस्थापन कार्यालय — सदस्य

श्री प्रविण कुमार साह, प्रमुख, नेपाल खानेपानी संस्थान — सदस्य

श्री अवधेश कुमार दुवे, प्रमुख, नेपाल विद्युत प्राधिकरण — सदस्य

श्री राम जीवन ठाकुर, प्रमुख, कृषि ज्ञान केन्द्र, पर्स — सदस्य

श्री मुकेश ठाकुर, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, सदस्य

श्री किशोरी प्र. यादव खा. पा. तथा ढ. डि. का. पर्सा

श्री

श्री विनय कुमार श्रीवास्तव, जिल्ला समन्वय समिति, पर्सा — सदस्य सचिव

विशेष आमन्त्रित:

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याल, जिल्ला प्रशासन कार्यालय, पर्सा

प्रहरी उपरीक्षक श्री गौतम मिश्रा, जिल्ला प्रहरी कार्यालय, पर्सा

सशस्त्र प्रहरी उपरीक्षक श्री पुरन चन्द्र भट्ट, सशस्त्र प्रहरी बल नेपला नं १३ गण

उप अनुसन्धान निर्देशक, सन्तोष ढुंगेल, रा.अ. जि.का. पर्सा

# निर्णयहरु

१. हालसम्म खानेपानी संस्थान लगायत अन्य निकायबाट जडान भएको धारा तथा डिप बोरिङ्गको लगत संकलन गर्ने।

२. खानेपानी अभाव रहेको क्षेत्रको पहिचान गर्ने।

३. आवश्यकता पहिचान भएको क्षेत्रमा पानी आपूर्तीको अवधारणा पत्र तयार गर्ने।

४. वास्तविक रुपमा खानेपानी अभाव भएका क्षेत्रहरुको पहिचान गरी न्यूनतम ५००० लिटर क्षमताका आवश्यक सङ्ख्यामा टयाङ्की जडान गर्ने। यो कार्य युनिसेफ नेपाल र जिल्ला समन्वय समितिले वीरगंज महानगरपालिकासँगको समन्वयमा सात दिन भित्र जडान गर्ने।

५. चालू आवस्थामा रहेका डीप बोरिङ्गमा विद्युत व्यवस्थाका लागि स्थानीय वडा अध्यक्ष/जनप्रतिनिधिहरुको समन्वयमा उपभोक्ता समिति गठन गर्ने र विद्युत मिटर जडान गर्ने व्यवस्था मिलाउने।

६. खानेपानीको वैकल्पिक सुविधा नभएको ठाउँमा डिप बोरिङ्ग जडान गर्नु परेमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा बोरिङ्ग जडान गरी सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत गराउने।

७. खानेपानी र सिंचाई विद्युत आपूर्तिको लागि निवेदन प्राप्त भएको २४ घण्टा भित्र नेपाल विद्युत प्राधिकरणले विद्युत मिटर जडान गर्ने।

८. खानेपानीको किफायती प्रयोग र खानेपानी स्वच्छताका लागि अभियान संचालन गर्ने। यो कार्यक्रमको समन्वय युनिसेफ नेपालले गर्ने।

९. गण्डक नहरको सरसफाईको कार्य तिब्रताको साथ अगाडी बढाउने र आवश्यक स्थानमा मर्मतको कार्य आजै देखि सुचारु गर्ने।